# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्या:-२०७९/०८०

## विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना

*(सूचना प्रकाशित मिति:-२०७९/१२/२९)*

**"समयमै भर्ना, समयमै ज्ञानः गुणस्तरीय शिक्षा, सबैको अभियान"** भन्ने शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रमको आदर्श वाक्यलाई सफल पार्न देहायको कार्यक्रम सञ्चालन गर्न गराउनहुन सवै सरोकारवालाहरुमा अनुरोध छ।

<u>देहायः</u>

- ❖ यस शैक्षिक सत्रको विद्यार्थी भर्ना २०८० वैशाख महिनामा नै सञ्चालन गर्ने।
- ❖ भर्ना हुन आउने बालबालिकालाई तत्काल भर्ना गरी स्वागत गर्ने र १ सेट निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने।
- ❖ वि.व्य.स, शिक्षक अभिभावक संघ, स्थानीय समाजसेवी, बुद्धिजिवी, शिक्षा सम्बन्धी कार्य गर्ने संघ सस्थाहरुको समन्वय र सहकार्यमा घरदैलो, सडक नाटक प्रदर्शन लगायतका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने।
- ❖ अभिभावक विहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाहरुको पढाइमा निरन्तर सहयोग गर्न चाहनेहरुको उचित पहिचान र सम्मान गर्ने तथा अभिलेख राख्ने व्यवस्था गर्ने।
- ❖ आफ्नो विद्यालयको सेवा क्षेत्रभित्रका विद्यालय उमेर समूह (५-१२ वर्ष) का शतप्रतिशत बालबालिकालाई विद्यालय भर्ना हुने वातावरणको श्रृजना गराई विद्यालय बाहिर बालबालिका नभएको स्वघोषणा गर्ने।
- ❖ माथि उल्लिखित सवै कामको व्यवस्थापकीय भूमिका निर्वाह गर्न एक जना शिक्षकलाई सम्पर्क व्यक्तिको जिम्मेवारी दिने।

२०७९/१२/२९

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**